# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

खनियाबास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दार्खा, धादिङ बागमती प्रदेश, नेपाल

प.स.: २०८०/८१
च.न.:

## प्लास्टिक टनेल निर्माणको लागि ८०% अनुदानमा प्लास्टिक माग गर्ने सम्वन्धी सुचना!!!

**प्रथम पटक प्रकाशित मिति: २०८०/०६/०८**

आ.व.२०८०/८१ मा कृषि बिकास शाखाबाट “८०% अनुदानमा प्लास्टिक टनेल निर्माण ” कार्यक्रम संचालन गरिने भएकाले यस पालिकामा दर्ता भएका इच्छुक कृषक समूह/ फर्म/ सहकारी तथा व्यवसायिक कृषकहरुले आफुलाई आवस्यक पर्ने प्लास्टिक टनेल तपशिल बमोजिम उल्लेखित परिमाण खुलाई यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायका आवश्यक कागजातहरु सहित कार्यलयको कृषि बिकास शाखामा आवेदन पेश गर्नुहुन सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | प्लास्टिक टनेल | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|
| १ | परिमाण | लम्बाई १२, चौडाई ६ मीटर | टनेल बनाउँदा आवास्यक पर्ने बास कृषक आफैले व्यवस्था गर्नुपर्नेछ , टनेल बनाउने कार्य सकिसके पछी मात्र ८०% अनुदानमा प्लास्टिक टनेल उपलब्ध गराइनेछ । |

**आवस्यक कागजातहरु**

- सम्बन्धित वडाको सिफारिस,
- बैठकको निर्णयको प्रतिलिपि (समूह/ सहकारीको लागि मात्र), कार्यक्रम संचालन हुने स्थान (जग्गा, जमिन) को स्वामित्व खुल्ने कागजात,
- कृषकको नागरिकताको प्रतिलिपि, संचालक समितिको नागरिकताको प्रतिलिपि( समूह/ सहकारीको लागि),
- सम्बन्धित निकायमा कृषि समूह/सहकारी दर्ता भएको, नवीकरण भएको प्रतिलिपि,
- अन्य जानकारीको लागि खनियाबास गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नु होला ।

...........................
कृषि विकास शाखा प्रमुख
सुस्मिता तिवारी

E-mail: ito.khaniyabasmun@gmail.com , Website: www.khaniyabasmun.gov.np , Address: Khaniyabas-4, Darkha, Dhading